# नेपालमा आदिवासी अधिकार

## नीतिगत अवस्था, चुनौती र अवसरहरू


सम्पादन सल्लाहकार

शान्ति कुमारी राई  दिनेश कुमार घले

शंकर लिम्बू  भिम राई

अमृत योन्जन-तामाङ

सम्पादक

टहल थामी

गोबिन्द छन्त्याल



नेपालमा आदिवासी अधिकार

नीतिगत अवस्था, चुनौती र अवसरहरू

सम्पादक

टहल थामी, गोबिन्द छन्त्याल



ISBN 9879937913539

# नेपालमा आदिवासी अधिकार

## नीतिगत अवस्था, चुनौती र अवसरहरू


**सम्पादन सल्लाहकार**

शान्ति कुमारी राई
दिनेश कुमार घले
शंकर लिम्बू
भिम राई
अमृत योन्जन-तामाङ

**सम्पादक**

टहल थामी
गोबिन्द छन्त्याल

**नेपालमा आदिवासी अधिकारः**
**नीतिगत अवस्था, चुनौती र अवसरहरू**
**प्रकाशकः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप)**
**अनामनगर, काठमाडौं ।**

**पो.ब.नं.:** १११७९
**फोनः** +९७७ ०१ ४२६८५१०
**इमेलः** lahurnip.nepal@gmail.com
वेबसाइटः www.lahurnip.org
© LAHURNIP, 2017
**लेआउटः खापुङ, क्रियसन**
**अनामनगर, काठमाडौं ।**

ISBN: 978-9937-9135-3-9

---

Indigenous Peoples Rights in Nepal: Policy Status, Challenges and Opportunities

Editorial Advisors: Shanti Kumari Rai, Dinesh Kumar Ghale, Shankar Limbu, Bhim Rai, and Amrit Yonjan-Tamang.
Edited by Tahal Thami/Gobinda Chhantyal

**संक्षेपीकरण**

| | |
|---|---|
| आईएलओ | अन्तर्राष्ट्रिय श्रम संगठन |
| आजउराप्र | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान |
| आ.व. | आर्थिक वर्ष |
| ऐऐ | ऐजन ऐजन |
| गाविस | गाउँ विकास समिति |
| जिविस | जिल्ला विकास समिति |
| नपा | नगरपालिका |
| नि.नं. | निर्णय नम्बर |
| नेकपा | नेपाल कम्युनिष्ट पार्टी |
| ने.का.प. | नेपाल कानून पत्रिका |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| बि. | बिरुद्ध |
| यूएनड्रीप | आदिवासी अधिकारसम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणापत्र |
| रा.शि.आ. | रष्ट्रिय शिक्षा आयोग |
| लाहुर्निप | नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह |
| वि.सं. | विक्रम संवत् |
| सी.बी.आर. | समुदायमा आधारित पुनर्स्थापना |
| सं. | सम्पादक |

# Abbreviation

| | |
|---|---|
| AD | Anno Domini |
| ADB | Asian Development Bank |
| AGRBS | Access to Genetic Resources and Benefit Sharing |
| AIPP | Asia Indigenous Peoples Pact |
| CA | Constituent Assembly |
| CBD | Convention on Biological Diversity |
| CBR | Community Based Rehabilitation |
| CBS | Central Bureau of Statistics |
| CEDAW | Convention on the Elimination of all Forms of Discrimination against Women |
| CERD | Convention on the Elimination of All Forms of Racial Discrimination |
| COP | Conference of the Parties |
| CPN | Communist Party of Nepal |
| CRC | Convention on the Rights of the Child |
| CSR | Corporate Social Responsibility |
| CSRDSP | Committee for State Restructuring and Division of State Power |

| | |
|---|---|
| DDC | District Development Committee |
| DFID | Department for International Development |
| EA | Electricity Act |
| EIA | Environment Impact Assessment |
| FPIC | Free, Prior and Informed consent |
| GI | Governance Index |
| GL | Generation License |
| GoN | Government of Nepal |
| GSI | Gender and Social Inclusion |
| HDI | Human Development Index |
| HLSRRC | High Level State Restructuring Committee |
| ICCPR | International Covenant on Civil and Political Rights |
| ICESCR | International Covenant on Economic, Social and Cultural Rights |
| ICIMOD | International Centre for Integrated Mountain Development |
| IEE | Initial Environmental Examination |
| IFAD | International Fund for Agricultural Development |
| IFC | International Finance Corporation |
| ILO | International Labour Organisation |
| INC | Indigenous and Nationalities Commission |
| IPPs | Independent Power Producers |
| IPs | Indigenous Peoples |
| IWGIA | International Work Group for Indigenous Affairs |
| LAHURNIP | Lawyers' Association for Human Rights of Nepalese Indigenous Peoples |
| LGBTI | Lesbian, Gay, Bisexual, Transgender & Intersex |
| LTR | Lands, Territories and Resources |
| MAT | Mutually Agreed Terms |
| MoAD | Ministry of Agricultural Development |
| MoFSC | Ministry of Forest and Soil Conservation |
| MoFSC | Ministry of Forests and Soil Conservation |
| MoLJPA | Ministry of Law, Justice & Parliamentary Affairs |

| | |
|---|---|
| MoPE | Ministry of Population and Environment |
| MW | Mega Watt |
| NBSAP | National Biodiversity Strategy and Action Plan |
| NC | Nepali Congress |
| NEFIN | Nepal Federation of Indigenous Nationalities |
| NESAC | Nepal South Asia Centre |
| NFDIN | National Foundation for Development of Indigenous Nationalities |
| NPC | National Planning Commission |
| NTFPs | Non-Timber Forest Products |
| PES | Payment for Ecosystem Services |
| PI | Poverty Index |
| SL | Survey License |
| SOM/P | Standard Operating Manual/Procedures |
| SRHLRC | State Restructuring High Level Recommendation Commission |
| UCPN (Maoist) | Unified Communist Party of Nepal (Maoist) |
| UML | Unified Marxist Leninist |
| UN | United Nations |
| UNCED | United Nations Conference on Environment and Development |
| UNDP | United Nations Development Programme |
| UNDRIP | United Nations Declaration on the Rights of Indigenous Peoples |
| UNPFII | United Nations Permanent Forum on Indigenous Affairs |
| VDC | Village Development Committee |
| WB | World Bank |
| WRA | Water Resource Act |
| WSSD | World Summit on Sustainable Development |

# प्रकाशकीय

संविधानसभामार्फत संविधान निर्माणलाई लोकतन्त्रको उत्कृष्ट नमूना मानिन्छ । इतिहासमा यस्ता अवसर बिरलै आउँछ । नेपालको सन्दर्भमा पनि नेपली जनताको लामो संघर्षपछि यो अवसार जुरेको हो । तर जसरी संविधानसभाले आम जनता तथा समुदायहरूको अधिकारका आवाजहरूको सम्बोधन गर्नुपर्थ्यो, त्यो हुन सकेन । संविधानसभाबाट बनेको संविधानमासमेत आदिवासीलगायतका समुदायहरूको अधिकार सुनिश्चित हुन नसक्दा असन्तुष्टिहरू झन बढेका छन् । त्यसको समाधान बेलैमा निकाल्न नसके देश भयंकर दुर्घटनमा पर्न सक्छ । त्यसरी संवैधानिक अधिकारबाट वन्चित एक समूह हो आदिवासी । ती समूहहरूको अधिकारका सम्बन्धमा संविधानमा भएका व्यवस्था र उनीहरूले चाहेको अधिकारका सम्बन्धमा गत पुष २२-२३, २०७३ (6-7 Januray 2017)मा काठमाडौंमा बृहत् सम्मेलनमा छलफल भएको थियो । सो कार्यक्रमको आयोजना गर्न पाउँदा लाहुर्निप गर्व महशूस गर्दछ ।

सो कार्यक्रम आयोजनामा विभिन्न व्यक्ति, व्यक्तित्व तथा संघसंस्थाहरूको अमूल्य सहयोग लाहुर्निपलाई मिलेको थियो। यसरी सहयोग तथा सल्लाह सुझाव दिनुहुने डा. कृष्ण भट्टचन र डा. नवीन राईप्रति हामी आभारी छौं । त्यसैगरी United Nations Permanent Forum on Indigenous Issues (UNPFII) का उपाध्यक्ष Mr. Raja Devasish Roy, सोही निकायकी सचिवालयबाट पाल्नु भएकी Ms. Julia Raavad, र International Work Group for Indigenous Affairs (IWGIA) बाट कार्यक्रममा सहभागी बन्न आउनु भएका Mr. Christian Erniप्रति लाहुर्निप आभारी छ । त्यस्तै कार्यक्रमलाई सफल पारिदिन सहयोग गर्नुहुने अमृत योन्जन तामाङ, यशोकान्ती भट्टचन, डम्मर लोहोरुङ, डम्बर तेम्बे र नारायण निङलेखुप्रति पनि धन्यवाद व्यक्त गरिन्छ ।

सो कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि महत्वपूर्ण सहयोगका United Nations Permanent Forum on Indigenous Issues (UNPFII), International Work Group for Indigenous Affairs (IWGIA), International Fund for Agricultural Development (IFAD), United Nations Development Programme (UNDP) लाई पनि धन्यवाद टक्रयाइन्छ । साथै कार्यक्रमा उपस्थित भई कार्यक्रमको शोभा बढाई दिनु भएकोमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननीय अनुपराज शर्मा, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष चन्द्रबहादुर गुरुङ र सदस्यसचिव गोविन्द माझीप्रति लाहुर्निप कृतज्ञ छ । त्यसै गरी नेपाल आदिवासी जनजाति महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महसंघलाई पनि धन्यवाद साथै सो कार्यक्रममा गरिमामय उपस्थितिका लागि माननीय सांसदहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, बुद्धिजीविहरू, राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न राजदूतावासका प्रतिनिधिहरू, व्यापारिक क्षेत्रका प्रतिनिधिहरू, सरकारी निकायका प्रतिनिधिहरू, संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू र सामाजिक अभियन्ताहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गरिन्छ ।

यस पुस्तकमा सो कार्यक्रममा प्रस्तुत कार्यपत्रहरू समावेश गरिएका छन् । कार्यक्रममा कार्यपत्र प्रस्तुत गरिदिनुहुने विभिन्न मन्त्रालयका प्रतिनिधि-कर्मचारीहरू तथा बुद्धिजीविहरूप्रति पनि लाहुर्निप आभारी छ । साथै यस पुस्तक प्रकाशनमा प्रत्यक्ष तथा परोक्ष रुपमा योगदान गर्ने सबैप्रति हामी आभार व्यक्त गर्दछौं ।

**शान्ति कुमारी राई**
अध्यक्ष

## विषय सूची/Content

संक्षेपीकरण / Abbreviation
प्रकाशकीय

# लैंगिक समानता, संस्कृति र भाषा

नेपालमा महिलाको अवस्था र सुधारका प्रयासहरू
नारायण बहादुर कुवँर ३

आदिवासी जनजाति महिला र बालबालिकाका सन्दर्भमा
नेपाल सरकारको नीति र अन्तर्राष्ट्रिय प्रावधानहरू
कैलाश राई २९

नेपालमा मातृभाषाको उपयोगः नीतिगत
र कार्यगत अवस्था
डा.डिल्लीराम रिमाल ५३

मातृभाषा, मातृभाषामा शिक्षा
र संस्कृतिसम्बन्धि राज्यको नीति
अमृत योन्जन-तामाङ १०५

## संविधान, कानून र नयाँ बन्ने कानूनहरूमा सामुहिक र आदिवासीको अधिकार

Legal framework on the rights of indigenous peoples in Nepal: Analysis of the gaps and the way forward
Toyanath Adhikari 161

आदिवासी जनजाति मानवअधिकारसँग सम्बन्धित नीतिगत व्यवस्था र क्रियाकलापहरूको विश्लेषण
सरिता ज्ञवाली १८१

प्रचलित कानूनमा आदिवासी जनजाति सम्बन्धी व्यवस्था
शंकर लिम्बू १९९

## भूमि अधिकार, संरक्षित क्षेत्रहरू र जलवायु परिवर्तन

भूमिसुधार र व्यवस्थापनको क्षेत्रमा भएका नीतिगत व्यवस्थाहरूको विश्लेषण
लीलानाथ दाहाल २१९

नेपालका अदिवासी जनजातिको भूमि र भूमि अधिकार
नन्द कन्दङ्वा २५७

Policy Analysis on Indigenous Peoples

and Forest Resources in Nepal
Dhananjaya Lamichhane 289

Ensuring Indigenous Peoples' Rights in Policies on Forest, Water and other Natural Resources: Issues, Challenges and Way
Dr. Krishna B. Bhattachan 309

## व्यापार र मानवअधिकार, अग्रीम जानकारीसहितको मन्जुरीको अधिकार, संघीयता र राज्य पुनर्संरचना

आदिवासी/जनजाति अधिकार संरक्षण तथा विकासका लागि गरिएका प्रयास, समस्या र सुझावहरू
लीला अधिकारी ३४७

State Restructuring and Federalism in Nepal
Krishna Hachhethu ३६७

Policies related to the Electricity Development in Nepal
Sagar Raj Goutam 383

Community Engagement in Hydropower Development: Issue and Challenges
Padmendra Shrestha 395

**अनुसूचीहरू**/Annexes ४१५

# लैंगिक समानता, संस्कृति र भाषा

# आदिवासी जनजाति महिला र बालबालिकाका सन्दर्भमा नेपाल सरकारको नीति र अन्तर्राष्ट्रिय प्रावधानहरू

**कैलाश राई**

**पृष्ठभूमि**

राज्यले निर्माण गरेको 'नेपाली महिला'को एकीकृत पहिचानभित्रै गाभिइएको विविधता, महिलाहरूको फरक-फरक पृष्ठभूमि र त्यही विविधता र पृष्ठभूमि अनुरूपका सवाल, समस्या र तिनको समाधानबारे बहस सुरु भएको पुगनपुग एकदशक पुगेको छ। एकदशकको अवधिमा महिला हकअधिकार र लैंगिक समानता सुनिश्चितताका निमित्त महिला तथा लैंगिक सशक्तीकरण, मूलप्रवाहीकरण, समावेशीकरण, सामाजिक न्यायलगायतका अधिकारमूखी अवधारणाहरू सरकारले अवलम्बन गर्दै आएको छ। त्यसअघिका सरकारी नीति एवं योजनाहरूले महिलालाई उपभोक्ता, आमा र पुरुषको सहयात्रीको हैसियतमा राखी उनीहरूको शिक्षा, स्वास्थ्य, त्यसमा पनि खागसरी मातृत्वको भूमिकालाई विशेष जोड दिई देश विकासको प्रक्रियामा समेट्नुपर्ने परिपूरक अवयवको

रूपमा मात्र लिएका थिए ।

नेपालको राजनीतिक परिवर्तनहरू र अन्तर्राष्ट्रिय साँच/अवधारणहरूसँगसँगै नेपालको राष्ट्रिय सरकारी नीतिहरू विकसित र परिष्कृत हुँदै आइरहेका छन् । सरकारी नीति एवं योजनाहरू कल्याणकारीबाट अधिकारमूखी अवधारणामा रूपान्तिरित हुँदै गइरहेका छन् । महिलाहरूको अन्तर्राष्ट्रिय अधिकारपत्रले मान्यता दिएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड), १९७९ले व्यवस्था गरेको महिला समानता, महिला भएकै कारणले महिलामाथि हुने हिंसा, विभेद, शोषण र तिनको न्यूनिकरण एवं उन्मूलनजस्ता कुराहरू सरकारको आवधिक योजना एवं कार्यक्रमहरूमा प्रतिविम्बित भएको पाइन्छ । यस महासन्धिलाई नेपालले २२ अप्रिल १९९१मा अनुमोदन गरी कार्यान्वयनमा ल्याई पक्षराष्ट्रको भूमिका निर्वाह गर्दै आएको छ । त्यस्तै सहस्राब्दी विकास लक्ष्य (२०००-२०१५)लाई १० औं आवधिक योजनादेखि समावेश गरिएको थियो भने दीगो विकास लक्ष्यलाई भर्खरै १५वर्षे (सन् २०१६-२०३०) कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । साथै आदिवासी जनजातिको सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९[38]ले व्यवस्था गरेका प्रावधानहरू पनि समावेशीकरण, सामाजिक सूरक्षाको खाकाअन्तर्गत केही हदसम्म प्रतिविम्बित गर्ने प्रयत्न भएका छन् ।

एकदशक पहिलेसम्म राज्यको कुनै पनि नीति, योजना र कार्यक्रमहरूमा नेपालका आदिवासी जनजाति समुदायका महिलाहरू अस्तित्वमै थिएनन् । पछिल्लो एकदशकको अवधिमा धमिलो छाँयाको रूपमा उनीहरूको अस्तित्व देखा परेको छ । यद्यपि सरकारको नीति, योजना, ऐन कानुनहरूमा अझै पनि उनीहरू अदृश्य सरह नै छन् । नेपालका महिला सबै एकै हुन् भन्ने बुझाइका आधारमा महिला केन्द्रीत नीति र योजना तर्जुमा हुनु र आदिवासी जनजातिका हकमा बन्ने/बनाइने

38 जसलाई नेपालले सन् २००७ मा अनुमोदन गरी कार्यान्वयनमा ल्याएको छ ।

नीति एवं योजनाहरूले लैंगिकताको अवधारणा अपनाउन नसक्दा सरकारको महिला र आदिवासी जनजातिसम्बन्धी नीति र योजनामा आदिवासी जनजाति महिला अदृश्य रहे । उनीहरूको सवाल एकदमै नगन्य मात्रामा परे वा पर्नै सकेनन् । आदिवासी जनजाति महिला लैंगिकता, जातीयता, भाषिक, धर्मिक, साँस्कृतिक र क्षेत्रगत रूपमा विभेदित हुँदै आएको कुरामा राज्यको ध्यान गएको छैन ।

बालबालिकाको सन्दर्भमा बालमृत्युदर रोकथाम, शिक्षा (प्राथमिक र माध्यमिक तहको), स्वास्थ्य, पोषण, शिशु स्याहारजस्ता पक्षलाई सरकारी योजना एवं नीतिहरूमा पहिलेदेखि समावेश गरिँदै आइएको थियो । बालबालिकासम्बन्धी सरकारको नीति एवं योजनाहरू क्रमशः बिस्तृत् हुँदै गए पनि आदिवासी जनजाति समुदायका बालबालिकाका विशिष्ट अवस्था र अधिकारप्रति मौन छन् ।

विभिन्न समयमा भएका आन्दोलन र तिनले ल्याएको राजनीतिक परिवर्तनको साथै अन्तर्राष्ट्रिय सोँच र अवधारणालाइसमेत अँगाल्दै आएको नेपालको सरकारी नीति, योजना, कार्यक्रमहरू आदिवासी जनजाति महिला र बालबालिकाका हकमा के कतिको लाभकारी छन्? नेपाल पक्षराष्ट्र रहेको उनीहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि, अनुबन्ध, घोषणापत्र आदिलगायतका प्रावधानहरू उपभोग गर्न/गराउन सरकारको नीति कस्तो छ? नेपालका ऐन कानुनले उनीहरूको हकअधिकारलाई कत्तिको आधार प्रदान गरेका छन्? ती नीति एवं कार्यक्रमहरूबाट लाभान्वित हुनका लागि सरकारी तवरबाट के गर्नुपर्छ? भन्ने कुरामा यो लेख केन्द्रीत छ ।

## आदिवासी जनजाति महिला र बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय प्रावधानहरू

आदिवासी जनजाति महिला र बालबालिकाका हकमा अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त

राष्ट्रसंघीय घोषणापत्र, २००७, बालअधिकार सम्बन्धी महासन्धि, १९८९, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६९ र महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ रहेका छन् । त्यस्तै महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल १९९९, महिला तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन १९९५ (१२ सरोकारको क्षेत्र), जिउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, महिलाको राजनितिक अधिकारसम्बन्धी महासन्धि १९५२, सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नता सम्बन्धमा व्यवस्था गर्न बनेको बालअधिकार सम्बन्धी स्वेच्छिक प्रोटोकल, २००० पनि बनेका छन् ।

त्यसैगरी बालबालिकाको बेच बिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लिल चित्र सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी स्वेच्छिक प्रोटोकल, २०००, वेश्यावृत्तिका लागि महिला र बालबालिकाको बेच बिखन विरुद्धको सार्क महासन्धि, २००२, दक्षिण एशियामा बाल कल्याण प्रवर्धनको निम्ति क्षेत्रीय समन्वयसम्बन्धी सार्क महासन्धि, २००२ पनि महिला तथा बालबालिकाहरूको अधिकार रक्षाका लागि बनेका छन् । यसका अतिरिक्त अपांगको अधिकार सम्बन्धी महासन्धि, २००६ र अपांगको अधिकारसम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००६लगायतका अन्तर्राष्ट्रिय औजारहरूले राष्ट्रियतहमा उनीहरूको मानवअधिकारका साथै विशिष्ट अधिकार सुनिश्चितताका कानुनी आधारहरू उपलब्ध गराएका छन् ।

अझ, आदिवासी जनजाति समुदायका महिला, पुरुष, युवा, वृद्धवृद्धा, बालबालिका, अपांगता भएकाहरूको हकमा माथि उल्लिखित अन्तर्राष्ट्रिय प्रावधानहरूले दिएको अधिकारहरूको प्रवर्धन एवं पालना गर्न र गराउनका लागि संयुक्त राष्ट्रसंघको महासभाको ६९औँ सेशनले

एजेण्डा नं. ६५, २२ सेप्टेम्बर २०१४ को महासभाको विश्व आदिवासी सम्मेलनले दस्तावेज समेत पारित गरेको छ ।[39]

उल्लिखित अन्तर्राष्ट्रिय दस्तावेजहरूमध्ये पक्षराष्ट्रहरूलाई आदिवासी जनजाति महिला र बालबालिकाका अधिकार सुनिश्चित गर्न किटानीका साथ अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्ने मुख्य तीनवटा दस्तावेज रहेका छन्: अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९, आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७, बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ।

अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९को धारा ३को पहिलो बुँदामा महासन्धिले गरेको सबै व्यवस्थाहरू आदिवासी जनजाति महिला र पुरुष दुवैले समान रूपमा उपभोग गर्न पाउने व्यवस्था गरेको छ, ‘ आदिवासी जनजातिहरूले मानवअधिकार तथा मौलिक स्वतन्त्रताका सबै उपायहरू निर्वाध रूपमा वा कुनै भेदभाव बिना उपभोग गर्नेछन् । यस महासन्धिका व्यवस्थाहरू यी जनताका पुरुष तथा महिला सदस्यहरूका हकमा बिना कुनै भेदभाव लागू हुनेछन्’ ।[40] त्यसको अलावा पनि धारा २८को बुँदा १ले आदिवासी जनजाति समुदायका बालबालिकाको मातृभाषामा लेखपढ गर्न पाउने अधिकार र धारा २९ले बालबालिकाको आफ्नै समुदाय र राष्ट्रिय समुदायमा पूर्णसहभागी हुने अधिकारलाई सुनिश्चित गरेको छ, ‘सम्बन्धित जनताका बालबालिकालाई व्यवहारिक भएसम्म निजहरूको आफ्नो मातृभाषा वा निजहरूको समूहबाट सबभन्दा बढी बोलिने भाषामा पढ्न र लेख्न सिकाइने छ । यो व्यवहारिक नभएमा, सक्षम अधिकारीहरूले यो उद्देश्य हासिल गर्ने

39 बिस्तृत् जानकारीको लागि हेर्नुहोस्: लाहुर्निप (२०१७) आदिवासी अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख दस्तावेजहरू, काठमाडौं: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह, पृ. ४५-५४ ।

40 लाहुर्निप (२०१७) आदिवासी अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख दस्तावेजहरू, काठमाडौं: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह, पृ.२५ ।

उपायहरू अपनाउने अभिप्रायले यी जनतासँग परामर्श गर्नेछन्' र ' निजहरूको आफ्नै समुदायमा र राष्ट्रिय समुदायमा पूर्ण रूपले तथा समान आधारमा सहभागी हुन सम्बन्धित जनताका बालबालिकालाई सहयोग गर्ने सामान्य ज्ञान र शीप उपलब्ध गराउनु नै यी जनताका लागि शिक्षाको लक्ष्य हुनेछ' ।[41]

आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ले आदिवासी जनजाति समुदायका महिला-पुरुष, बालबालिका, युवा, अपांगता भएका व्यक्ति र ज्येष्ठनागरिकको हकअधिकारलाई बिस्तृत्मा समेटेको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९को सबै व्यवस्थाहरू आदिवासी जनजाति महिला-पुरुष दुवैका लागि भए झैँ यस घोषणापत्रको धारा ४४ले पनि घोषणापत्रमा भएका सम्पूर्ण अधिकारहरू दुवैको हकमा समान रूपमा प्रत्याभूत गरेको छ ।[42] त्यसको अलावा आदिवासी जनजाति महिला र बालबालिकाहरूको हकमा किटानका साथ केही व्यवस्थाहरू घोषणापत्रमा छन् । जसमध्ये क्रमशः धारा १७को दोस्रो बुँदामा, 'राज्यहरूले आदिवासी बालबालिकाको विशेष जोखिमको अवस्था र उनीहरूको सशक्तीकरणका लागि शिक्षाको महत्वलाई ध्यानमा राख्दै उनीहरूलाई आर्थिक शोषणबाट तथा जोखिमपूर्ण हुन सक्ने वा बालबालिकाको शिक्षामा दखल दिन सक्ने वा बालबालिकाको स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा हानिकारक हुन सक्ने कुनै पनि कामबाट आदिवासीलाई संरक्षण गर्न आदिवासी जनजातिसँगको परामर्श तथा सहयोगमा विशिष्ट उपायहरू अवलम्बन गर्नेछन् ।'[43] धारा २१को दोस्रो बुँदामा, 'राज्यहरूले उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा नियमित सुधार सुनिश्चित गर्नका

---

41 ऐऐ पृ. ३९-४० ।

42 ऐऐ पृ.२० ।

43 लाहुर्निप (२०१७) आदिवासी अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख दस्तावेजहरू, काठमाडौं: नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह, पृ. ११ ।

लागि प्रभावकारी उपाय र उपयुक्त भए विशेष उपाय अवलम्बन गर्ने छन् । आदिवासी जेष्ठनागरिक, महिला, युवा, बालबालिका तथा अपांगहरूको अधिकार तथा विशेष आवश्यकताहरू प्रति विशेष ध्यान दिइनेछ' ।[44] र धारा २२को पहिलो र दोस्रो दुवै बुँदाहरूमा, '(१)यस घोषणापत्रको कार्यान्वयन गर्दा आदिवासी जेष्ठनागरिक, महिला, युवा, बालबालिका तथा अपांगका अधिकार तथा विशेष आवश्यकताहरूप्रति विशेष ध्यान दिइनेछ । (२) आदिवासी महिला तथा बालबालिकाले पूर्ण संरक्षण उपभोग गरून् भन्ने कुरा सुनिश्चित गर्न राज्यहरूले आदिवासी जनजातिसँगको सहकार्यमा उपायहरू अवलम्बन गर्ने छन् तथा सबै प्रकारका हिंसा र भेदभाव नहुने कुराको प्रत्याभूति गर्ने छ'[45] भनिएको छ ।

बालअधिकार सम्बन्धी महासन्धि, १९८९[46]ले आदिवासी जनजाति समुदायका बालबालिकालाई राज्यस्तरबाटै विशेष सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था गरेको छ । महासन्धिको धारा ३०मा भनिएको छ, 'जातिगत, धार्मिक वा भाषिक अल्पसंख्यकहरू वा आदिवासी मूलका व्यक्तिहरू रहेका राष्ट्रहरूमा त्यस्ता अल्पसंख्यक वा आदिवासीका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वंचित गरिने छैन ।'[47] त्यस्तै उनीहरूको भाषिक आवश्यकता एवं सफल सामाजिक जीवनका लागि सामुदायिक सहिष्णुतासहितको वातावरणमा हुर्किन पाउनुपर्ने अधिकारलाई पनि महासन्धिले व्यवस्था गरेको छ । धारा १७(१)(घ)मा

---

44 ऐ ऐ पृ. १२ ।

45 ऐ ऐ ।

46 जसलाई २०४७ भदौ २९ मा नेपालले अनुमोदन गरेको थियो ।

47 नेपाल कानून आयोग (मिति उल्लेख नभएको) बालअधिकार सम्बन्धी महासन्धि, काठमाडौंः नेपाल कानून आयोग पृ.१६ । www.lawcommission.gov.np मा १५ पुस २०७३ मा हेरिएको ।

उल्लेख भएअनुसार, 'अल्पसंख्यक समूहका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन आमसंचार माध्यमलाई प्रोत्साहन दिने'[48] र धारा २९.१को (घ)अनुसार, 'स्वतन्त्र समाज, सबै जनताहरू, जाति, राष्ट्रिय धार्मिक समुदायहरू तथा आदिवासी मूलका मानिसहरूबीच समझदारी, शान्ति, सहिष्णुता, लैंगिक समानता र मित्रताको भावनामा उत्तरदायित्वपूर्ण जीवनका लागि बालबालिकाको तयारी'[49] रहेका छन् । मातृभाषामा बोल्न र पढ्न पाउनेबाहेक अन्तर्राष्ट्रिय कानुनले दिएको आदिवासी जनजाति महिला र बालबालिकाका यी विशेष अधिकारहरू राष्ट्रिय नीति, योजना र कानुनहरूमा प्रतिविम्बित हुन सकेका छैनन् ।

उपर्युक्त प्रावधानहरूको अलावा संयुक्त राष्ट्रसंघले निर्धारण गरेको दीगो विकास लक्ष्यलाई नेपालले १५वर्ष (सन् २०१५-२०३०)मा कार्यान्वयन गर्ने लक्ष्य राखेको छ । जसमा गरिबी ५प्रतिशतमा झार्ने; सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा; लैंगिक समानता र महिला र बालिकाहरूको सशक्तीकरण हासिल गर्ने; समावेशी, दीगो र फराकिलो आर्थिक वृद्धि; दीगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाज निर्माण तथा न्यायमा सबैको पहुँच आदि लगायतका १७वटा मुख्य लक्ष्यसहित भर्खरै कार्यान्वयनमा ल्याइएको छ । दीगो विकास लक्ष्यले महिला, आदिवासी जनजाति, अल्पसंख्यक, सीमान्तीकृत र पछाडि परेका समूह र समुदायलक्षित कार्ययोजना र कार्यक्रमहरू समेटेको भएपनि त्यसबाट आदिवासी जनजाति महिला र बालबालिका लाभान्वित हुन सकुन् भन्नेतर्फ खासै ध्यान दिइएको छैन ।

आदिवासी जनजाति महिला र बालबालिकासम्बन्धी राष्ट्रिय प्रावधानहरू

आदिवासी जनजाति महिला एवं बालबालिका केन्द्रीत हालसम्म

48 ऐ ऐ ।

49 ऐ ऐ, पृ. १५-१६ । www.lawcommission.gov.np मा पुस १५, २०७३ मा हेरिएको ।

सरकारको बेग्लै नीति र योजना तय भएका छैनन् । योभन्दा महत्वपूर्ण र ध्यान दिनुपर्ने कुरा समग्र महिला एवं बालबालिका र आदिवासी जनजातिसम्बन्धी नीति र कार्यक्रमहरूभित्रै उनीहरूको सरोकारका कुराहरू के कति समेटिए वा समेटिएनन् भन्ने पक्ष हो । त्यसका लागि सरकारको मौजुदा नीति र योजनाहरूभित्रै उनीहरूको अधिकार सुनिश्चितताका नीतिगत आधार खोज्नुको विकल्प छैन । आदिवासी जनजाति महिला र बालबालिकाको सन्दर्भमा क्रमशः नेपालको संविधान, २०७२, आवधिक योजनाहरू; महिला एवं बालबालिकासम्बन्धी ऐनहरू र आदिवासी जनजातिसम्बन्धी राष्ट्रिय प्रावधानहरूमा गरिएको व्यवस्थाबारे क्रमशः यहाँ संक्षिप्त चर्चा गरिनेछ ।

नेपालको संविधानः नवनिर्मित देशको मूल कानुन, नेपालको संविधान, २०७२को धारा १२ अनुरूप केही निश्चित शर्तसहित आमा वा बाबुको नामबाट वंशजको आधारमा लैंगिक पहिचानसहितको नागरिकता पाउन सकिने व्यवस्था छ । महिलाको मौलिक हकको रूपमा धारा ३८अन्तर्गत समान वंशीय हक/पैतृक सम्पत्तिमा समान हक; महिलामाथि हुने हिंसाजन्य जुनसुकै कार्य दण्डनीय हुने र क्षतिपूर्ति पाउने; समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायमा महिला सहभागिता हुने; शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको नीतिअनुरूप विशेष अवसर प्राप्त गर्नेलगायतका अधिकार प्रदान गरेको छ । धारा ४२अन्तर्गत सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ, भनिएको छ ।

राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१मा

सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा असहाय एकलमहिलाको शीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिने; सामाजिक र पारिवारिक बहिष्करणमा परेका, जोखिमयूक्त हिंसा पीडित महिलाको पुनर्स्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने; मूक्त कमैया, कम्लरी, हरूवा, चरुवा, हलिया, भूमिहीन, सुकुमवासीहरूको पहिचान गरी वसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गर्ने; आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, शीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संबर्द्धन गर्ने; अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र साँस्कृतिक अधिकार प्रयोगका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्नेलगायतका प्रावधानहरू राखिएका छन् ।

त्यस्तै संविधानको धारा ७०मा राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिंग वा समुदायको हुने; धारा ८४अनुसार संघीय व्यवस्थापिका संसद् र प्रदेशसभामा निर्वाचित हुने कूल सदस्यको कम्तीमा एकतिहाई महिला सदस्य हुने; प्रतिनिधिसभाको सभामुख र उपसभामुखमध्ये एकजना र राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये एकजना महिला हुने; प्रदेशसभामुख वा प्रदेश उपसभामुखमध्ये एकजना महिला हुने; गाउँकार्यपालिकामा चारजना तथा नगरकार्यपालिकामा पाँचजना महिला सदस्य रहने; जिल्ला समन्वय समितिमा कम्तीमा तीनजना महिला रहने; गाउँपालिका र नगरपालिकाको प्रत्येक वडाबाट कम्तीमा दुइजना महिलाको प्रतिनिधित्व हुने गरी गाउँसभा र नगरसभाको गठन हुने व्यवस्था गरिएको छ । धारा ३०६अन्तर्गत राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग र थारु आयोगको व्यवस्था गरिएको छ ।

बालबालिकाको सन्दर्भमा संविधानको धारा २२ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्म दर्ताको हक हुने; जोखिमपूर्ण काममा लगाउन नपाइने; सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने; बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाइने; कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने व्यवस्था गरेको छ । समग्र बालबालिकाका यी हकअधिकारका अलावा संविधानले धारा ३१को शिक्षासम्बन्धी हकमा 'नेपालमा वसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ' र 'बहुभाषिक नीति अवलम्बन गर्ने' व्यवस्था गरेअनुरूप आदिवासी जनजाति बालबालिकाको भाषिक अधिकारलाई केही हदसम्म सम्बोधन गरेको छ ।

आवधिक योजना : नेपाली महिला वा नेपालका महिलाहरूको हकमा पञ्चायतकालदेखि नै महिला विकास, कल्याण र उत्थानको नाममा महिलासम्बन्धी कार्यक्रमहरू सुरु भएका थिए । सन् १९७५लाई संयुक्त राष्ट्रसंघले 'अन्तर्राष्ट्रिय महिला वर्ष' र सन् १९७५-१९८५लाई ' अन्तर्राष्ट्रिय नारी दशक' घोषणा गरेपछि पंचवर्षीय योजनाहरूमा स्पष्टसँग महिलाहरूको संलग्नता हुन थाल्यो ।[50] त्यसयता महिला सहभागिता, अधिकार, सशक्तीकरण, लैंगिक समानता र मूलप्रवाहीकरण, महिला/लैंगिक हिंसा, चेलीबेटी/महिला तथा बालबालिका बेच बिखन, बँधुवा मजदुरलगायतका सवालहरू कुनै न कुनै हिसाबले प्राथमिकतामा लगातार समावेश हुँदै आइरहेका छन् । छैठौँ आवधिक योजना (वि.सं. २०३७–२०४२)देखि चौधौँ योजना (२०७३/०७४–२०७५/७६)को आधारपत्रसम्म आइपुग्दा महिला विकासदेखि सहभागिता, सशक्तीकरण र लैंगिक समानताजस्ता महिलाकेन्द्रीत र समावेशीकरण एवं, विभिन्न

50 सेरा तामाङ (सन् २००४) नेपालमा विकासे नारीवाद, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, मेरी डेशेन र प्रत्यूष वन्त, सं., ललितपुरः सोशस साइन्स वहाः, पृ. ५४० ।

सामाजिक समूह एवं समुदाय केन्द्रीत योजनाहरूले निरन्तर प्राथमिकता पाइरहेको छ । लैंगिक र समावेशी बजेट विनियोजनमार्फत महिला, अल्पसंख्यक समुदाय र समूहलगायतको विकासलाई योजनामा समेटिँदै आइएको छ ।

आर्थिक वर्ष २०७३/७४देखि लागू भएको चौधौँ योजनामा 'लैंगिक समानतामार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य समाजको विकास' गर्ने सोँचका साथ 'सामाजिक र आर्थिक अवसरहरूमा समान सहभागिता सुनिश्चित गरी लैंगिक मूलप्रवाहीकरण र सशक्तीकरण गर्ने'[51] लक्ष्य राखिएको छ । जसमा 'सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु' भन्नेसहित तीन मुख्य उद्देश्य तय गरिएका छन् । त्यसैगरी 'आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा पछाडि परेका समुदायको मानव विकास सूचकांक तथा सशक्तीकरण सूचकांकमा सुधार गर्ने' लक्ष्यका साथ मुलुकको समावेशी विकास[52] र 'लोपोन्मुख, अतिसिमान्तकृत र सिमान्तकृत आदिवासी जनजातिको आर्थिक, सामाजिक तथा साँस्कृतिक सुधारबाट समतामूलक तथा न्यायपूर्ण समाजको सिर्जना गर्ने' सोँचसहित 'लोपोन्मुख, अतिसिमान्तकृत र सिमान्तकृत आदिवासी जनजातिको क्षमता विकास र स्रोतसाधनहरूमा पहुँच वृद्धि र बिस्तार गर्ने'[53] उद्देश्य पनि राखेको पाइन्छ । त्यस्तै मानव बेच बिखन र ओसारपसार नियन्त्रणका लागि मानव बेच बिखनको जोखिममा पर्न सक्ने समूह/समुदायको पहिचान गरी बेच बिखन तथा ओसारपसार कार्यलाई न्यूनीकरण तथा नियन्त्रण गर्न विद्यमान संयन्त्र र संरचनाहरूमा सुदृढीकरण तथा क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखिएको

---

51 राष्ट्रिय योजना आयोग (२०७३) चौधौँ योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) आधार-पत्र, काठमाडौं: नेपाल सरकार राष्ट्रिय योजना आयोग, पृ. १७० ।

52 ऐ ऐ, पृ. १७४ ।

53 ऐ ऐ, पृ. १७५-१७६ ।

छ ।

छैठौँ योजनादेखि महिला केन्द्रीत र दशौँ योजनादेखि आदिवासी जनजाति केन्द्रीत योजनाहरू कार्यान्वयन हुँदै आए पनि आदिवासी जनजाति महिलासँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रमहरू नगन्य छन् । महिला तथा बालबालिका बेच बिखन र ओसारपसार; कम्लरी एवं बँधुवा मजदुर उन्मूलन र तिनको पुनर्स्थापना; र पछिल्लो समयमा गरिबी निवारण र समावेशीकरणको खाकाअन्तर्गत ल्याइएका अल्पसंख्यक, लोपोन्मुख र सिमान्तीकृत समुदायकेन्द्रीत कार्यक्रमहरूले आदिवासी जनजाति महिलाका सवाल झल्काउने एकदमै झिनो प्रयत्न गरेका छन् । त्यसमाथि पनि स्पष्ट हुनुपर्ने कुरा, यी कार्यक्रमहरू न आदिवासी जनजाति महिलाका विशिष्ट समस्याहरूको मिहिन विश्लेषणका आधारमा तय गरिएका हुन्, न त उनीहरूमाथि पूर्ण रूपमा केन्द्रीत नै गरिएका हुन् । यी आवधिक योजनाहरूमा अपनाइएको थोरै कार्यक्रमहरूले आदिवासी जनजाति महिलाका वास्तविक सवाल उक्काएर हेर्नेसम्मको भूमिकासमेत निर्वाह गर्न सकेको छैन ।

त्यस्तै आवधिक योजनाहरूमा समग्र बालबालिकाको स्वास्थ्य स्याहार, पोषण, शिशु/बाल मृत्युदर, प्राथमिक एवं माध्यमिक शिक्षाजस्ता पक्षहरूलाई प्राथमिकतामा साथ राखिँदै आइएको छ । यद्यपि अन्तर्राष्ट्रिय दस्तावेजहरूमा व्यवस्था भएका आदिवासी जनजाति बालबालिकाले जन्मसिद्ध रूपमा पाएको विशेष हकअधिकारको पक्षहरू भने समेट्न बाँकी रहेका छन् ।

राष्ट्रिय ऐन कानुनहरू: हालसम्म मौजुदा ऐन कानुनहरूमा आदिवासी जनजाति महिला र बालबालिका लागि बेग्लै निश्चित् प्रावधान भेटिँदैन । यद्यपि महिला र आदिवासी जनजाति र बालबालिका भएको हिसाबले हालसम्म बनेका र कार्यान्वयनमा आएका निम्न ऐन कानुनहरू उनीहरूको हकअधिकार, र कानुनी उपचारको लागि महत्वपूर्ण छन्:

- आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ।
- लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०६३ ।
- राष्ट्रिय महिला आयोग ऐन, २०६३ ।
- मानव बेच बिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियामावली, २०६५ ।
- श्रमजीवि महिलाहरूप्रति डान्स, बार, रेष्टुरेन्टजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ ।
- लोक सेवा आयोग ऐन, २०६६ ।
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र नियमावली, २०६७ ।
- लैंगिक हिंसा (निवारण) कोष नियमावली, २०६७ ।
- मानव बेच बिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको संरक्षण र हेरचाह सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६८ ।
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ।
- एकलमहिला सूरक्षा कोष (संचालन) नियमावली, २०७० ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ ।

नेपालको संविधान, २०७२ र सरकारको बहुसंख्यक राष्ट्रियनीति, योजना र ऐनहरूका बाबजुत आदिवासी जनजाति महिला र बालबालिकाकेन्द्रीत सरकारको स्पष्ट नीति एवं योजना शून्यप्रायः अवस्थामा छ। सकारात्मक विभेद, आरक्षण प्रणाली, सशक्तीकरण, समानुपातिक समावेशीता र प्रतिनिधित्वको खाकालाई सरकारले अवलम्बन गर्नु सह्रानीय छ । यद्यपि त्यो खाकाअन्तर्गत योजना एवं कार्यक्रम कार्यान्वयन र संचालन गर्दा लक्षित समुदायमैत्री बन्न नसकेको, सीमित र अपर्याप्त भएको, सम्बन्धित समूह र समुदायको अर्थपूर्ण एवं सक्रिय सहभागिताको वातावरण नभएकोजस्ता विविध पक्षहरूका कारण उनीहरूको अवस्थामा अपेक्षाकृत, गुणात्मक र सारभूत परिवर्तन आउन सकेको छैन ।

आदिवासी जनजाति महिला र बालबालिकाका प्रमुख सवाल र चुनौती राज्यले आदिवासी जनजाति महिलाका लैंगिक र जातीय दुवै पहिचानसहितको एक अलग्गै पहिचान सुनिश्चित नगर्नु आदिवासी जनजाति महिलाका लागि प्रमुख सवाल हो । जनसंख्याको हिसाबले ठूलो हिस्सा ओगटे पनि राज्यको दस्तावेजमा उनीहरू अदृश्य छन् । राज्यमा उनीहरूको पहिचान नहुँदा राज्यको नीति, कार्यक्रम, कार्ययोजनाहरूको लाभ लिनेदेखि ऐन कानुनहरूको उपभोग गर्नेसम्मको संरचनागत र सवालगत समस्याहरू छन् । छैठौं योजनादेखि सरकारले अपनाएको महिला विकासको खाका महिला सहभागिता, महिला सशक्तीकरण, लैंगिक समानता र मूलप्रवाहीकरणसम्म आइपुग्दा र दशौं योजनादेखि गरिबी निवारण र सामाजिक समावेशीकरणअन्तर्गत प्राथमिकतामा परेको आदिवासी जनजातिको समग्र विकासका कार्यक्रमहरूको बावजुद आदिवासी जनजाति महिलाको स्थितिमा सुधार नआउनु त्यसैको उदाहरण हो । त्यसैकारण सरकारको सामुन्ने रही आदिवासी जनजाति महिलालाई सामाजिक आन्दोलनमार्फत् आदिवासी जनजाति महिलाहरू आफ्नो पहिचानलाई राज्यले सुनिश्चित गर्नुपर्ने मागसहित करिव दुइदशक अघिदेखि लागिरहेकै छन् ।

आदिवासी जनजाति महिलाका सन्दर्भमा भएका माथि उल्लिखित नेपाल पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय प्रावधानहरू राष्ट्रिय नीति, योजना र कानुनहरूमा प्रतिविम्बित नगरिनु अर्को महत्वपूर्ण सवाल हो । हस्ताक्षर वा अनुमोदनमार्फत् ती प्रावधानहरूप्रति सहमति जनाए पनि पक्षराष्ट्रको दायित्व निर्वाह गर्न तत्परता नदेखाएका कारण आदिवासी जनजाति महिला अधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरूसमेत उनीहरूले उपभोग गर्न पाएका छैनन् । अन्तर्राष्ट्रिय स्तरमा उनीहरूको पाएको अधिकार हरूको न्यूनतम उपभोग गर्नबाटसमेत राज्य स्वयंले एक हिसाबले वंचित गरिरहेको अवस्था छ । अन्तर्राष्ट्रिय प्रावधानहरूलाई हेर्ने हो भने आदिवासी जनजाति महिलाहरूको प्राकृतिक स्रोतसाधनमाथिको पहुँच एवं उपभोगको अधिकार, भाषा प्रयोग र सम्बर्द्धनको अधिकार,

आफ्नो भाषामा सूचना र जानकारी पाउने अधिकार, मौलिक धर्म-संस्कृति र परम्परा अपनाएर पहिचानका साथ अरु नागरिकसरह बाँच्न पाउने अधिकारदेखि राजनैतिक, आर्थिक, प्रशासनिकलगायतका सम्पूर्ण अधिकारहरू उपभोग गर्नेलगायतका व्यवस्थाहरू छन् । राष्ट्रिय नीति र योजनाको तहमा हेर्दा धेरैजसो यी अधिकारहरू अस्तित्वमै छैनन् । जेजति छन् ती पनि व्यवहारिक तवरमा सहजताका साथ कार्यान्वयन हुने खालका छैनन् ।

तुलनात्मक रूपमा समग्र महिलाका पक्षमा नीति, योजना, ऐन कानुनहरू निर्माणका लागि विभिन्न पाटोबाट आवश्यकीय राज्यको लगानी बढी छ। आदिवासी जनजातिहरूको हकमा केही हदसम्म लगानी गरिएको छ भन्न सकिन्छ। तर आदिवासी जनजाति महिलाको पक्षमा नीति, योजना, ऐन कानुनहरू निर्माणका लागि न्यूनतम् आवश्यक पर्ने वा आधारभूत तहको लगानीसमेत राज्यको तर्फबाट भएको छैन । उदाहरणका लागि राष्ट्रिय तथ्यांकमा आदिवासी जनजाति महिलाको जनसंख्या दर्ज हुनु बाहेक उनीहरूको शिक्षा, स्वास्थ्य आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक, रोजगारी, उत्पादकत्व, बेच बिखन, वैदेशिक रोजगार आदिलगायतका अतिमहत्वपूर्ण क्षेत्रहरूमा उनीहरूको अवस्थाहरूको चित्रण हुने खालका वर्गीकृत तथ्यांकको अभाव छ । जुन नागरिक वा नीजि स्तरबाट भन्दा राज्यस्तरबाटै गरिनुपर्ने वा गरिँदा सम्भव र सहज हुने काम हो । साथै, उनीहरूको ऐतिहासिक, मौलिक, सामाजिक साँस्कृतिक पहिचान पुष्टि हुने खालका दस्तावेज, स्रोत-सामग्री निर्माण एवं उत्पादनमा राज्यको लगानी र चासो दुवै कम छ ।

आदिवासी जनजाति महिलाहरूले संगठित रूपमा राज्यप्रति लक्षित गरी आफ्ना सवाल र समस्याहरूलाई बाहिर ल्याएको करिव एकदशक नाघिसकेको छ । राज्यले अपनाएको समावेशीकरण, लैंगिक समानता र मूलप्रवाहीकरणको योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अपेक्षाकृत नतिजा हासिल गरी समविकासलाई टेवा दिन उनीहरूको

वास्तविक माग र सवालहरू के हुन्? र किन माग राख्दैछन्? भन्ने कुरामासमेत अहिलेसम्म राज्यले चासो दिएको देखिँदैन । राज्यको बेवास्तापनको यो एउटा नमूना हो । यस्तो बेवास्ता आदिवासी जनजाति महिलाको पहिचान सुनिश्चित गर्नेदेखि उनीहरूको सम्बन्धमा उपयुक्त नीति, योजना र ऐन, कानुन बनाउने कामलाई झन्-झन् पछाडि धकेलिरहेको छ । यसले सामूहिक अधिकार र सामूहिक पहिचानका लागि स्वतःस्फूर्त अगाडि बढिरहेका आदिवासी जनजाति महिलाहरू राज्य संयन्त्रसँग झनै टाढिने र राज्य/सरकारसँगको सम्बन्ध अझ फाट्ने सम्भावनालाई बल पुऱ्याइरहेको छ ।

राज्य वा वाह्य समुदायको निम्ति एउटा समूह, जसको सामूहिक पहिचान र अधिकार उपभोग गर्ने अपेक्षा रहेको छ । आदिवासी जनजाति महिला आफैमा समरूपी समूह वा समुदाय होइन । सामूहिक पहिचान र अधिकारप्रति जागरुक र त्यसको उपभोगप्रति उन्मुख भएपनि उनीहरूभित्र रहेको (जाति, भाषा, भूगोल, संस्कृति-परम्परा-प्रथा आदि अनुरूपको) विविध पहिचान र त्यत्तिकै पृथक र जटिल प्रकृतिका समस्याहरूको पहिचान गरी तिनलाई उत्तिकै प्राथमिकतामा राखी तिनको संवर्धन, व्यवस्थापन र समाधानका उपायहरू अवलम्बन गरिनु अत्यावश्यक छ । सम्बन्धित समुदायले यो सवालको उचित उठान र राज्यले उचित सम्बोधन नगरेको खण्डमा समविकास र समन्यायमा आधारित समावेशी र शान्तिपूर्ण समाज निर्माण कार्य फेरि पनि अधुरो हुन्छ ।

बँधुवा मजदुरको रूपमा रहेका कम्लरीहरूलाई मूक्त गरी पुनर्स्थापना गर्नु आदिवासी जनजाति महिलाको सन्दर्भमा सोझै सरोकार राख्ने अहिले सम्मको राज्यको एक मात्र यस्तो उदाहरणीय काम हो । यसले कम्लरी मात्रै नभएर आदिवासी जनजाति समुदायलाई नै पक्कै ठूलो राहत मिल्यो । तर राज्यको यही कदमलाई आधार मानी आदिवासी जनजाति महिलाकेन्द्रीत कार्यक्रम संचालन हुँदै आएको दाबी गर्ने हो

भने त्यो कुनै पनि हिसाबले उचित ठहरिँदैन । न त त्यो न्यायोचित नै ठहरिन्छ । त्यो त थारु जाति विशेषमा रहेको एउटा विशिष्ट किसिमको समस्याको समाधान मात्रै हो । त्यसले थारु जातिका महिला एवं बालिकाहरूलाई नाँगो आँखाले देख्न र सहजै बोध गर्न सकिने एक प्रकारको दासताबाट स्वतन्त्र गराउनु बाहेक अन्य थुप्रै समस्याहरूको समाधान पनि गर्दैन । यो एउटा समस्याबाहेक आदिवासी जनजाति महिलाको अन्य अनगिन्ती समस्याप्रति राज्यको नजर पुगेकै छैन ।

आदिवासी जनजाति समुदायका बालबालिकाको सन्दर्भमा आफ्नो संस्कार, संस्कृतिको उपभोग र अभ्यास गर्दै मातृभाषामा शिक्षा पाउने सहज वातावरण बन्न नसक्नु सिंगै आदिवासी जनजाति समुदाय र राज्यको सरोकारको विषय हो । उनीहरूको हकमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रदान गरेको अधिकारलाई राज्यले अवलम्बन गर्न नसक्नु वा त्यसप्रति ध्यान नदिनु सबैका लागि ठूलो चुनौती हो ।

**अब के गर्ने ?**

आदिवासी जनजाति महिला तेहोरो मारमा परेको दावी गर्छन् ।[54] उनीहरूको दाबीलाई सम्मान गर्दै नेपालका अन्य मानिसहरू सरह स्वतन्त्र, समान र अधिकारसम्पन्न नागरिक बनाउनका लागि राज्यले सैद्धान्तिक, नीतिगत एवं कार्यगत रूपमा उनीहरूको मौलिक पहिचान स्थापित गर्नुपर्छ । नेपाली महिलाको एकीकृत पहिचानभित्रै गाभिइएका आदिवासी जनजाति महिलाको आफ्नै मौलिक पहिचान छ । नेपालका अन्य महिलाभन्दा फरक सवाल एवं समस्याहरू रहेका छन् र ती समस्याहरूको समाधान पनि त्यहीअनुरूप गरिनुपर्दछ भन्ने कुरालाई आत्मसात् गर्नुपर्छ । र, आमनागरिकको हैसियतसहित उनीहरूको

54 कैलाश राई सं. (२०७३) २४ फागुन २०६३ मा प्रधानमन्त्री तथा सभामुख समक्ष पेश गरिएको ज्ञापन पत्र, *पहिचानको खोजी: आदिवासी जनजाति महिलाका सामाजिक, साँस्कृतिक र राजनीतिक सन्दर्भ (२०१६-२०७३)*, काठमाडौं: इण्डिजिनियस मिडिया फाउण्डेसन, पृ. २८७-२८८ ।

मौलिक पहिचानमा आधारित अधिकारको उपभोग गर्न पाउने उचित व्यवस्था र वातावरण मिलाउनुपर्छ । उनीहरूको यस अधिकारलाई आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ को धारा २लेसमेत आधार प्रदान गरेको छ। जसमा भनिएको छ, 'आदिवासी जनजाति तथा व्यक्तिहरू अन्य सम्पूर्ण मानिस तथा व्यक्तिहरू जत्तिकै स्वतन्त्र र समान छन् र आफ्नो सम्पूर्ण अधिकार, विशेषगरी उनीहरूको मौलिक उत्पत्ति वा पहिचानमा आधारित अधिकारहरूको उपभोग गर्ने क्रममा कुनै पनि किसिमका भेदभावबाट मूक्त हुने अधिकार राख्दछन्' ।[55]

आदिवासी जनजाति महिला र बालबालिकाकेन्द्रीत राष्ट्रिय नीति, योजना र कार्यक्रम अहिलेसम्म अवलम्बन गरिएको छैन । तसर्थ, सबैभन्दा पहिला पहिचानसहित आदिवासी जनजाति महिला र बालबालिकाका प्रमुख सवाल र सरोकारका विषयहरूलाई राज्यको नीति, योजना, कार्ययोजनाहरूमा समावेश गर्नेतर्फ राज्यको ध्यान केन्द्रीत हुनुपर्छ । जसलाई कार्यगत सहजताका लागि प्राथमिकताका आधारमा वर्गीकरण गरेर क्रमशः अवलम्बन गरिँदै लानु उपयुक्त हुन्छ। राज्यले दीर्घकालीन र तत्कालीन गर्नुपर्ने कामक विभाजन गरी आदिवासी जनजाति महिला र बालबालिकाका हकमा नीति तथा योजनाहरू बनाएर कार्यान्वयनमा लैजानुपर्छ ।

**तत्काल चाल्नुपर्ने कदम**

- आदिवासी जनजाति महिलाहरूको पहिचान स्थापित गर्न र गराउन राज्यले उचित बाध्यकारी नीति अवलम्बन गर्ने र गराउने । यो काम तत्काल गरिहाल्नु पर्ने भए पनि यसलाई दीर्घकालीन नीतिहरूमा प्रतिविम्बित गराइनु आवश्यक छ ।
- चालू चौधौं योजनामा महिला सशक्तीकरण र लैंगिक

55 लाहुर्निप (२०१७) आदिवासी अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख दस्तावेजहरू, काठमाडौः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह, पृ. १२३ ।

मूलप्रवाहीकरणको उद्देश्य प्राप्तिका लागि तय गरिएका कार्ययोजनाहरू कार्यान्वयन गरिँदा महिलाभित्रको विविधताको स्थितिलाई ध्यानमा राखी सबै जाति, वर्ग, क्षेत्र, समुदाय र समूहको महिला समान रूपले योजनाबाट लाभान्वित हुन सकुन् भन्नेतर्फ सचेत हुने ।

- चौधौँ योजनामै समावेशीकरणअन्तर्गत विपन्न, अल्पसंख्यक, सीमान्तीकृत, अतिसीमान्तीकृत, लोपोन्मुख समूह र समुदाय केन्द्रीत कार्ययोजनाहरू कार्यान्वयन गर्दा ती समूह र समुदायको लैंगिक मूलप्रवाहीकरणमा समेत ध्यान दिनुपर्छ ।
- बालबालिकाको हकमा चौधौँ योजनामा तय गरिएका शिक्षा, स्वास्थ्यलगायतका योजना लागू गरिँदा प्रत्येक समूह, समुदाय, क्षेत्र, धर्म, जातजातिका बालबालिकाका साथै आदिवासी जनजाति बालबालिकाको आफ्नो भाषामा लेखपढ गर्न पाउनुपर्ने कुरातर्फ पनि ध्यान दिनुपर्छ । यसले बालबालिकाको प्राथमिक तहको भर्नादर एवं विद्यालयमा टिकाई राख्नका लागिसमेत सघाउ पुऱ्याउँछ ।
- सन् २००७देखि लगातार हुँदै आएको लैंगिक उत्तरदायी बजेट विनियोजनको बिस्तार र त्यसको भोगचलनमा आदिवासी जनजाति महिलाको अर्थपूर्ण सहभागिताको सुनिश्चित गरि नुपर्छ ।
- नयाँ संविधानले निर्देश गरेअनुरूप कार्यान्वयनको लागि मौजुदा ऐनहरूको आवश्यक संशोधन र परिमार्जन एवं आवश्यक नयाँ ऐनहरूको निर्माणकार्यको थालनी भएको छ। ऐन कानुन संशोधन एवं नयाँ बन्ने प्रक्रियामा फरक-फरक समूह र समुदायका महिला, बालबालिका र आदिवासी जनजातिको भिन्नभिन्न समस्याहरूको मिहिन र उपयुक्त ढंगले अध्ययन र विश्लेषण गरी सोहीबमोजिम ऐन कानुनहरूमा समेट्नुपर्दछ ।
- नेपालले भर्खरै १७वटा मुख्य लक्ष्य किटान गरी १५वर्षे कार्ययोजनासहित कार्यान्वयनमा ल्याएको दीगो विकास

लक्ष्यअन्तर्गत तय गरिएका लक्ष्य हासिल गर्नका तर्जुमा गरिने कार्ययोजना एवं कार्यक्रमहरूमा आदिवासी जनजाति महिला र बालबालिकाको विशिष्ट समस्या र तिनको समाधानको पक्षलाईसमेत विशेष ध्यान दिनुपर्दछ । यो तत्काल चालिनुपर्ने कदम भए पनि दीगो विकास लक्ष्य हासिल नगरुञ्जेलसम्म यस कामले निरन्तरता पाउनुपर्दछ ।

**दीर्घकालिन नीति**

- राज्यको नीति, योजना, परियोजना र कार्यक्रमहरूमा आदिवासी जनजाति महिला एवं बालबालिका केन्द्रीत योजना एवं परियोजनाहरूको विकास एवं कार्यान्वयन गरी उनीहरूलाई मूलप्रवाहमा ल्याउनुपर्दछ । त्यस्ता नीति एवं योजनाहरू विकास गरिँदा, अद्यावधिक वा परिमार्जन गरिँदा सम्बन्धित समुदायकै प्रतिनिधिमूलक संस्था, विज्ञ एवं अधिकारकर्मीहरूसँग छलफल एवं परामर्श गरिनुपर्छ । यसले अधिकारवाला एवं सरोकारवाला पक्ष र राज्यपक्षबीच एउटै विषयवस्तुमा हुने फरक बुझाई र दृष्टिकोणका कारण उत्पन्न हुने समस्या कम गर्ने मात्रै नभएर वास्तविक समस्याको पहिचान गर्न र सोहीअनुसारको कार्यक्रम तर्जुमा गर्न सहज हुनेछ ।
- आदिवासी जनजाति महिला र बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई राष्ट्रिय नीति र योजनाहरूमा निरन्तर प्रतिविम्बित गर्नुपर्दछ ।
- महिला विकास, लैंगिक समानता, सशक्तीकरण, मूलप्रवाहीकरण, प्रतिनिधित्वको सन्दर्भमा नीति तर्जुमा गर्दा महिलाभित्रका विविध महिलाको समेत समान पहुँच र उपभोगको अधिकारलाई सुनिश्चित गरिनुपर्दछ ।
- अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख एवं समग्र आदिवासी जनजाति समुदायका लागि नीति, योजना र कार्यक्रमहरू तय गरिँदा आदिवासी जनजातिका अन्य पक्षहरूको साथमा

लैंगिकताको पाटोलाईसमेत ध्यान दिनुपर्दछ ।

- आदिवासी जनजाति बालबालिकाले आफ्नो समुदाय र राज्यमा आफ्नो संस्कृति मान्न, धर्मको अभिव्यक्ति र अभ्यास गर्न, भाषा प्रयोग गर्न पाउने अधिकारलाई राज्यले नीति एवं कानुनी रूपमै व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधान, २०७२अनुरूप नयाँ बन्ने ऐन, कानुन, कार्ययोजना र परिमार्जन एवं संशोधन गरिने कानुनी दस्तावेजहरू आदिवासी जनजाति महिला र बालबालिकामैत्री एवं उनीहरूको विशिष्ट समस्याहरूको समाधान हुने प्रकृतिको हुनुपर्दछ ।
- संघीय स्वरूपअन्तर्गत लागू गरिने र हाल कायम रहेको राज्यको निकाय एवं संयन्त्रहरूमा संविधानले सुनिश्चित गरेको महिला प्रतिनिधित्व एवं सहभागिताको परिपूर्ति गरिँदा महिलाभित्रको विविधताको उचित सम्बोधन हुने व्यवस्था गरिनुपर्दछ ।
- राष्ट्रिय महिला आयोग, आदिवासी जनजाति आयोग, थारु आयोगलगायतका निकायको प्रतिनिधि चयन एवं तिनको कार्यक्षेत्र र कार्ययोजना निर्धारण गरिँदासमेत महिलाभित्रको विविधताका साथै लैंगिकताको विषयलाई प्राथमिकता दिनुपर्दछ ।

## निष्कर्ष

महिला र आदिवासी जनजातिसम्बन्धी नीति, योजना र ऐनहरूभित्रै आदिवासी जनजाति महिला समावेश हुनु वा गरिनु एउटा स्वभाविक प्रक्रिया हो । तर आदिवासी जनजाति महिलाले त्यत्तिकै स्वभाविक रूपमा पाउनुपर्ने राज्यको सेवा-सुविधा, सामाजिक-साँस्कृतिक एवं कानुनी संरक्षण, राजनैतिक-आर्थिक-प्रशासनिक क्षेत्रमा उनीहरूको संलग्नता र सहभागिताका लागि राज्यले उपलब्ध गराउनुपर्ने न्यूनतम आधारभूत सेवा सुविधासमेत परिपूर्ति हुन नसकेको अवस्था छ । एक दशकभित्र राज्यले समावेशीकरण, सकारात्मक विभेद, लैंगिक समानता, सशक्तीकरण एवं मूलप्रवाहीकरणको अवधारणा अन्तर्गत नेपालका सबै लिंग, जातजाति, समूह, समुदाय, वर्ग र क्षेत्रलगायतकालाई समेट्ने

धेरथोर प्रयत्न गर्दै आएको छ । आदिवासी जनजाति महिला तथा बालबालिकाको पृथक पहिचान, उनीहरूको वास्तविक सवाल र समस्याहरू बुझ्नेतर्फ राज्यको प्रयत्न नहुँदा अहिलेसम्म अपनाइएका जति पनि योजना, अवधारणा, कार्यक्रमहरू छन्, ती सबै औपचारिकतामा सीमित भएका छन् ।

नेपालका महिलाहरूभित्रै रहेको विविधता, असमानता र फरक-फरक अवस्थामा रहेका विविध समुदायका महिलाहरूको वास्तविक समस्या र आवश्यकताहरूप्रति राज्यको ध्यान नपुग्दा महिला-महिलाबीचको विभेद, असमानता र समस्याहरू झन् झाँगिदै गएका छन् । फलतः राज्यको प्रयत्न र सम्बन्धित सरोकारवाला समूह, समुदायको सचेतना र सक्रियताको बाबजुत राष्ट्रिय लैंगिक विकास सूचक, लैंगिक असमानता सूचकसहित देशको मानव विकास सूचकांकको स्थितिमा सन्तोषजनक सुधारसमेत हुन सकिरहेको छैन । यो अवस्थाले आदिवासी जनजाति महिला र बालबालिका केन्द्रीत राज्यको नीति, योजना र कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने र चाँडोभन्दा चाँडो राज्यले 'इन्टरसेक्सनालिटी'को अवधारणा अपनाएर सोहीअनुरूपको कार्ययोजनाहरू लागू गर्नु अत्यावश्यक रहेको कुरालाई स्पष्ट सँग औँल्याएको छ ।

आदिवासी जनजाति महिला र बालबालबालिको विशिष्ट सवाल र समस्याअनुरूप राज्यको नीति, योजना र कार्यक्रमहरू तय नहुनु सम्बन्धित समूह र समुदायको चिन्ता र चासोको विषय त छँदैछ । आदिवासी जनजाति महिला र बालबालिकाका लागि अन्तर्राष्ट्रिय प्रावधानहरूमा स्पष्टसँग किटान गरिएका अधिकारहरूसमेत राष्ट्रियएवं सरकारी नीति, योजना र कार्यक्रमहरूमा समावेश गर्न नसक्नु राज्यको लागि समेत चुनौती हो । अझ, यी सवालहरूलाई अन्तर्राष्ट्रिय प्रावधानहरूले अधिकारको रूपमा उपभोग गर्न र गराउनको निमित्त बलियो आधार प्रदान गरे पनि पक्ष राष्ट्रको सम्बन्धित समूह, समुदाय ती अधिकारहरू

उपभोग गर्नबाट वंचित हुनु अन्तर्राष्ट्रिय जगतको समेत चासो र चुनौतीको विषय हो ।

राज्यको नजरमा नेपालका महिला (जो सबै एकै हुन् र भइरहनुपर्छ भन्ने मान्यतामा अडिएको) र आदिवासी जनजाति समुदायको रूपमा स्थापित यी दुई सामाजिक समूह छन् । यी दुई सामाजिक समूहभित्र विभाजित भएर अदृश्य हुन पुगेका आदिवासी जनजाति महिलाहरूको जातीय र लैंगिक पहिचान, सोही अनुरूपका सवालको अन्तरसम्बन्ध र त्यसैको आधारमा उब्जिएको समस्याप्रति राज्यको ध्यान पुग्नु जरुरी छ। त्यसतर्फ राज्यको ध्यान केन्द्रीत हुन सके मात्र उनीहरूको वास्तविक समस्याको नीतिगत एवं कार्यगत समाधानको बाटो सहज हुन्छ ।

## सन्दर्भ सूची

तामाङ, सेरा (सन् २००४) नेपालमा विकासे नारीवाद, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, मेरी डेशेन र प्रत्यूष वन्त, सं., ललितपुरः सोशस साइन्स वहाः, पृ. ५२२-५५७ ।

नेपाल कानुन आयोग (मिति उल्लेख नभएको) बाल अधिकार सम्बन्धी महासन्धि, काठमाडौंः नेपाल कानुन आयोग । www.lawcommission.gov.np मा १५ पुस २०७३ मा हेरिएको ।

राई, कैलाश, सं. (२०७३) २४ फागुन २०६३ मा प्रधानमन्त्री तथा सभामुख समक्ष पेश गरिएको ज्ञापन पत्र, पहिचानको खोजीः आदिवासी जनजाति महिलाका सामाजिक, साँस्कृतिक र राजनीतिक सन्दर्भ (२०१६-२०७३), काठमाडौंः इण्डिजिनियस मिडिया फाउण्डेसन, पृ. २८७-२८९ ।

राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना (आर्थिक वर्ष २०७३/७४-२०७५/७६) आधार-पत्र, काठमाडौंः नेपाल सरकार राष्ट्रिय योजना आयोग ।

लाहुर्निप (सन् २०१७) आदिवासी अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रमुख दस्तावेजहरू, काठमाडौंः नेपालका आदिवासीहरूको मानव अधिकार सम्बन्धी वकिल समूह ।